# ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी ब्रोडब्याण्ड नेटवर्क निर्माण सम्बन्धमा सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७६/०९/०१)

ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी भूकम्पबाट अति प्रभावित जिल्लाहरु मध्ये ११ जिल्लाहरु गोरखा, धादिङ्ग र मकवानपुर मा श्री सुबिसु केबलनेट प्रा.लि., काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा र नुवाकोटमा श्री नेपाल दूरसञ्चार कम्पनी लिमिटेड तथा दोलखा, रामेछाप, सिन्धुली र ओखलढुङ्गामा श्री मर्कन्टाईल कम्यूनिकेशन्स् प्रा.लि. लाई उक्त जिल्लाहरुका नगरपालिका/गाउँपालिका तथा सो मातहतका वडा कार्यालय, सामुदायिक माध्यमिक विद्यालय र सामुदायिक स्वास्थ्य संस्था/केन्द्रहरुमा ब्रोडब्याण्ड नेटवर्क निर्माण गरी कम्तिमा ५१२ kbps क्षमताको ब्रोडब्याण्ड इन्टरनेट उपलब्ध गराउन यस प्राधिकरणबाट छनौट गरिएको उक्त सेवा प्रदायकहरुबाट सो कार्य सम्पन्न भएको व्यहोरा अनुरोध छ। उक्त स्थानहरुमा उपलब्ध गराइएको सेवा सम्बन्धमा कुनै गुनासो भए

१) श्री सुबिसु केबलनेट प्रा.लि. को लागि Toll Free Number: १६६००१५९९९९ मा

२) श्री नेपाल टेलिकमको को लागि Telephone Number ०१-४२३९०५० र WiMax सेवाको लागि मात्र ०१-४२३९८१६ मा

३) श्री मर्कन्टाईल कम्यूनिकेशन्स् प्रा.लि. को लागि Toll Free Number १६६००१००८२२ मा

सम्पर्क गर्न हुन अनुरोध छ। साथै तहाँबाट समस्या सम्बोधन नभएमा यस प्राधिकरणको फोन नं. ०१-४२५५४७४ Ext: २५२ मा सम्पर्क गर्न हुन अनुरोध छ।

उक्त जिल्लाहरुको कुनै पनि नगरपालिका, गाउँपालिका, वडा कार्यालय, सामुदायिक माध्यमिक विद्यालय र सामुदायिक स्वास्थ्य संस्था/केन्द्रहरुमा Internet नपुगेको भए १५ दिन भित्र यस प्राधिकरणमा जानकारी उपलब्ध गराउन हुन समेत अनुरोध छ। साथै उक्त जिल्लाहरुका सर्वसाधारणले Internet प्रयोग गर्नु परेमा माथि उल्लिखित सम्बन्धित सेवा प्रदायकसँग सम्पर्क गरी यस प्राधिकरणबाट स्वीकृत दरमा Internet जडान गराउन हुन समेत अनुरोध छ।

**नेपाल दूरसञ्चार प्राधिकरण**

**कमलादी, काठमाण्डौ, नेपाल ।**

जि. पि. ओ. बक्सः ९७५४,

फोन नं.:+९७७-१-४२५५४७४, फ्याक्स नं.:+९७७-१-४२५५२५०

इमेलः info@nta.gov.np, वेवसाइटः www.nta.gov.np